# २०८० साउन १६ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क.स. | मन्त्रालय | विषय |
|---|---|---|
| 1 | अर्थ मन्त्रालय | पूर्व सचिव शंकरप्रसाद अधिकारीको संयोजकत्वमा गठित सार्वजनिक संस्थान सुझाव समितिको म्याद दुई महिना थप गर्ने। |
| 2 | अर्थ मन्त्रालय | खाद्य तथा पोषण सुधार कार्यक्रम-दोस्रोका लागि विश्व बैंकबाट २० मिलियन अमेरिकी डलर (करिब रु. २ अर्ब ६२ करोड बराबर) को अनुदान सहायता प्राप्त गर्ने सम्बन्धी दस्तावेजलाई अन्तिम रुप दिन नेपाल सरकारको तर्फबाट अर्थ मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने। |
| 3 | अर्थ मन्त्रालय | Strengthening Public Financial Management and Devolved Service Delivery कार्यक्रम, उपकार्यक्रम एकको लागि एशियाली विकास बैंकबाट १०० मिलियन अमेरिकी डलर (करिब रु. १३ अर्ब १३ करोड बराबर) को बजेटरी सहायताका रुपमा सहुलियतपूर्ण ऋण सहायता प्राप्त गर्ने सम्बन्धी दस्तावेजलाई अन्तिम रुप दिने विषयमा नेपाल सरकारको तर्फबाट अर्थ मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने। |
| 4 | अर्थ मन्त्रालय | दिगो भू-व्यवस्थापन मार्फत लखनदेही नदी बेसिनका जलाधारहरुको पुर्नउत्थान र जीविकोपार्जनमा सुधार परियोजनाका लागि विश्व वातावरण सुविधा (GEF) बाट प्राप्त हुने १५,५५,५०५ अमेरिकी डलर (करिब २० करोड २२ लाख रुपियाँ) बराबरको अनुदान सहायता स्वीकार गर्ने। |
| 5 | अर्थ मन्त्रालय | निक साइमन्स इन्स्टिच्युटले विश्व स्वास्थ्य संगठनवाट प्राप्त गर्ने पुरस्कार रकम अमेरिकी डलर २०,००० (बीस हजार मात्र) मा असुल गर्नुपर्ने आकस्मिक लाभ कर आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (१) बमोजिम छुट दिने। |
| 6 | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | बीउ बिजन ऐन, २०४५ को दफा ३ को राष्ट्रिय बीउ बिजन समितिको सदस्यहरूमा उपदफा ३.२ को खण्ड ३.२.९ बमोजिमको सदस्यमा बीउ बिजन उद्यमीहरू श्री अग्नी प्रसाद अर्याल र श्री शारदा निरौलालाई नियुक्त गर्ने। साथै, सोको खण्ड ३.२.१० बमोजिमको सदस्यमा बीउ बिजन उत्पादक/कृषकहरू श्री रामजी प्रसाद सापकोटा र श्री प्रेमा कुमारी अधिकारीलाई नियुक्त गर्ने। |
| 7 | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नागढुंगा सुरुङ्गमार्ग निर्माण आयोजनाको पश्चिम खण्डको पहिरो रोकथाम गर्न बनाइने पक्की संरचनाको लागि धादिङ्ग जिल्ला साविक नौबिसे गा.वि.स. |

| | | |
|---|---|---|
| | | वडा नं.४ को ४२२१.९६ वर्गमिटर जग्गा प्राप्ति गर्न जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ बमोजिम स्वीकृति दिने। |
| 8 | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | कमला-ढल्केबर-पथलैया सडक खण्ड स्तरोन्नतिको लागि सडक सीमाभित्र पर्ने घर/टहरा लगायतका संरचनाहरू प्राप्ति गरी क्षतिपूर्ति दिई हटाउन स्वीकृति दिने। |
| 9 | रक्षा मन्त्रालय | काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजना अन्तर्गत ललितपुर जिल्लाको खोकना इलाकाको जग्गा प्राप्ति सम्बन्धी समस्या समाधान गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०१/०५ गतेको निर्णयानुसार माननीय उपप्रधानमन्त्री एवं रक्षामन्त्रीको संयोजकत्वमा गठित समितिको म्याद ३ महिना थप गर्ने। |
| 10 | वन तथा वातावरण मन्त्रालय | नेपाल विद्युत प्राधिकरणलाई मातातिर्थ-माल्टा ३३ के.भि. प्रसारणलाईन आयोजनाको टावरप्याड र राइट अफ वे को निर्माणको लागि काठमाडौं, ललितपुर र मकवानपुर जिल्लामा रहेको राष्ट्रिय वन र वनक्षेत्रको कूलजम्मा २४.६७५०२५ हेक्टर जग्गा २० वर्षसम्म प्रयोग गर्न दिन तथा सो वन क्षेत्रमा रहेका ४१७२ वटा रुखहरु हटाउन स्वीकृति दिने। |
| 11 | वन तथा वातावरण मन्त्रालय | तल्लो सेलाङ खोला जलविद्युत आयोजनाको पूर्वाधारहरु निर्माण गर्न सिन्धुपाल्चोक जिल्लाको राष्ट्रिय वन भित्रको जम्मा ५४ वटा रुखहरु हटाउन र कूलजम्मा २.४९ हेक्टर जग्गा पच्चिस वर्षसम्म प्रयोग गर्न स्वीकृति प्रदान गर्ने। |
| 12 | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष नियुक्तिको लागि नाम सिफारिस गर्न सिफारिस समिति गठन गर्ने र सोही उपदफाको खण्ड (ग) बमोजिमको सदस्य पदमा नेपाली सेना स्वास्थ्य विज्ञान संस्थानका प्रा. डा. लोचना श्रेष्ठलाई तोक्ने। |
| 13 | मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिबाट पेश भएको जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन योजना स्वीकृत गर्ने। | |
| 14 | मन्त्रिपरिषद्, विधेयक समितिबाट पेश भएको विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने। | |
| 15 | मन्त्रिपरिषद्, विधेयक समितिबाट पेश भएको विद्यालय शिक्षासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने। | |
| 16 | मन्त्रिपरिषद्, विधेयक समिति बाट पेश भएको श्रम (पहिलो संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने। | |